**Tribhuvan Journal** Vol. 3 No. 1: 108–117, October 2024; Research Management Cell, Tribhuvan Multiple Campus, Tribhuvan University, Nepal.
**DOI: https://doi.org/10.3126/tribj.v3i1.70810**

# *एक चिहान* उपन्यासमा सारवस्तु

*डा. नारायणप्रसाद पन्थ*
*panthanarayan25@gmail.com*
*उपप्राध्यापक, नेपाली शिक्षा*
*त्रि. वि., बुटवल बहुमुखी क्याम्पस, रुपन्देही*

***Article History:*** *Received 28 March 2024; Reviewed 18 June 2024; Revised 17 August 2024; Accepted 21 September 2024.*

**लेखसार**

*प्रस्तुत लेखमा हृदयचन्द्रसिंह प्रधानद्वारा लिखित एक चिहान उपन्यासमा सन्निहित सारवस्तुको निरूपण गरिएको छ । यस लेखको प्रमुख अनुसन्धेय क्षेत्र सारवस्तुको सैद्धान्तिक अवधारणालाई आधार मानी एक चिहान उपन्यासमा निहित सारवस्तुको निरूपण गर्नु हो । यसको उद्देश्य विश्लेष्य उपन्यासमा अभिव्यक्त सारवस्तुको स्वरूपलाई पाठ विश्लेषण विधिका आधारमा विश्लेषण तथा मूल्याङ्कन गर्नु हो । यसक्रममा एक चिहान उपन्यासलाई प्राथमिक स्रोतसामग्रीका रूपमा लिइएको छ भने सारवस्तुको सिद्धान्त निर्माणका लागि उपयोग गरिएका सामग्री द्वितीयक स्रोतका रूपमा रहेका छन् र आवश्यक सामग्रीको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ । यस लेखमा उपन्यासको सारवस्तुमा प्रगतिशील विचारको सञ्चार कसरी भएको छ भन्ने मुख्य समस्यामूलक प्रश्नमा केन्द्रित रही यसको सैद्धान्तिक पर्याधारका सापेक्षमा सारवस्तुको विश्लेषण गरिएको छ । यस लेखमा उपन्यासकारको लेखन सामाजिक जीवनका पृष्ठभूमिमा विषयलाई केन्द्रित गरी प्रगतिशील विचारको सञ्चार गराउनमा सफल रहेको पाइन्छ । यिनका लेखनको खास प्राप्ति सामाजिक सुधारको सन्देश दिनु भएकाले यस लेखमा एक चिहान उपन्यासमा श्रमजीवी किसान वर्गलाई सङ्घर्ष गर्न प्रेरित गरी नेवार, पर्वते र मधेसीका बिचमा आपसी जातीय सद्भाव कायम गरी राष्ट्रिय एकता कायम गर्नुपर्ने धारणा व्यक्त गर्दै आफू अनुकूलको कर्म गरी अन्याय र अत्याचारका विरुद्ध लड्नुपर्ने विचारलाई मुख्य सारवस्तुका रूपमा प्रस्तुत गरिएको निष्कर्ष निकालिएको छ । यस लेखबाट प्राप्त निष्कर्ष प्राज्ञिक दृष्टिले उपयोगी र औचित्यपूर्ण रहेको छ ।*

**शब्दकुञ्जी :** अन्तरजातीय विवाह, प्रगतिशील विचार, श्रमजीवी, श्रमप्रतिको सम्मान, सामाजिक कुसंस्कार ।

## विषयपरिचय

हृदयचन्द्रसिंह प्रधान नेपाली साहित्यका बहुमुखी प्रतिभा हुन् । उनले कविता, कथा, उपन्यास, नाटक, निबन्ध र समालोचना जस्ता विविध विधामा कलम चलाएका छन् । उपन्यासका क्षेत्रमा उनले *स्वास्नीमान्छे* (२०११) र *एक चिहान* (२०१७) गरी दुईओटा उपन्यास लेखेका छन् । हृदयचन्द्रसिंह प्रधानद्वारा लिखित *एक चिहान* (२०१७, सङ्क्षिप्तीकृत रूप २०६७) उपन्यास तत्कालीन काठमाडौँको किसान परिवारमा केन्द्रित छ । कृषि पेसा गरी जीविकोपार्जन गर्ने अष्टनारानको परिवारमा उनकी पत्नी लतमाया, तीन छोरा शिवनारान, पुननारान,

हर्षनारान र छोरी नानीथकुँ छन् । अष्टनारान बिरामी भएको अवस्थाबाट उपन्यासको कथानक सुरु भएको छ । यसमा मुख्य रूपमा अष्टनारानको मृत्यु, नानीथकुँ र डाक्टर गोदत्तप्रसादका बिचमा भएको सम्बन्ध, सुरमान सुब्बाले नानीथकुँसँग बिहे गर्नका लागि गरेको षड्यन्त्र, हर्षनारान र पुतली तामाङका बिचमा भएको विवाह, नानीथकुँ र राम खेलावनका बिचको विवाहलगायतका घटना आएका छन् । यो उपन्यास लेखनको मुख्य उद्देश्य विपन्न वर्गका मानिसले भोग्नु परेका पीडाको चित्रण गर्दै श्रमको महत्त्वबोध गराउनु रहेको देखिन्छ । यसमा काठमाडौँ उपत्यका, हिमाल, पहाड र तराईका मानिसका बिचमा भएको अन्तरजातीय विवाह र आपसी मेलमिलाप प्रस्तुत गरिएको छ ।

प्रस्तुत लेखमा *एक चिहान* उपन्यासमा निहित सारवस्तुको अध्ययन गरिएको छ । *एक चिहान* उपन्यासमा सन्निहित सारवस्तु के कस्तो रहेको छ भन्ने विषय अध्ययन गर्नु यसको प्राज्ञिक समस्या रहेको छ । यसको उद्देश्य *एक चिहान* उपन्यासमा सन्निहित सारवस्तुको अध्ययन गर्नु हो । *एक चिहान* उपन्यासको विश्लेषण अन्य विविध आधारमा गरिएको पाइए पनि उपन्यासमा केन्द्रित रहेर सारवस्तुका बारेमा स्पष्ट पार्ने किसिमबाट अध्ययन हुन नसकेका परिप्रेक्ष्यमा यस अध्ययनलाई अगाडि बढाइएको छ । यस लेखबाट उपन्यासमा केन्द्रित सारवस्तुका बारेमा अध्ययन गर्न चाहने अनुसन्धाता, विद्यार्थी तथा जिज्ञासु पाठक लाभान्वित हुने हुँदा यसको उपादेयता स्पष्ट हुन्छ ।

## अध्ययनविधि

प्रस्तुत लेखमा *एक चिहान* उपन्यासमा सन्निहित सारवस्तुको अध्ययन गरिएको छ । यसका लागि *एक चिहान* उपन्यासलाई प्राथमिक स्रोतसामग्रीका रूपमा प्रयोग गरिएको छ भने उपन्यासमा सारवस्तुको सिद्धान्त निर्माणका लागि आवश्यक द्वितीयक स्रोत वा सन्दर्भ स्रोतका सामग्री उपयोग गरिएका छन् । यस लेखमा पाठ विश्लेषण विधिका आधारमा *एक चिहान* उपन्यासमा सन्निहित सारवस्तुको निरूपण गरिएको छ । यस लेखमा *एक चिहान*मा व्यक्त सारवस्तु, सामाजिक परिवेशको चित्रण, श्रमप्रतिको सम्मान, विवाहसम्बन्धी दृष्टिकोण र पात्रहरूका चारित्रिक स्वभावका आधारमा अभिव्यक्त विचारलाई आधार बनाएर सारवस्तुको विश्लेषण गरिएको छ । गुणात्मक प्रकृतिको यस अध्ययनमा उपन्यासमा निहित सारवस्तुलाई सैद्धान्तिक ढाँचा बनाएर कृति पठनका आधारमा सत्यापन गरिएको छ ।

## सैद्धान्तिक पर्याधार

उपन्यास लोकप्रिय साहित्यिक विधा हो । संस्कृतको उप+नि+अस्+घञ् बाट उपन्यास शब्द बनेको छ । 'उप' को अर्थ समीप र 'न्यास' (नि+अस्+घञ्) को अर्थ स्थापना गरिएको वस्तुलाई चिनिन्छ । उपन्यास साहित्यको नवीनतम विधा हो । यसलाई मानिसका जीवनको धेरै नजिक रहेको रचना मानिएको छ । उपन्यास इटालेलीको नौलो अर्थबोधक शब्द Novella बाट बनेको छ । यसको जन्म पनि इटालीमा भएको देखिन्छ । उद्देश्य कथाको केन्द्रीय तत्त्वका रूपमा रहेको हुन्छ । यसले कथाकारको धारणालाई आत्मसात गर्ने भए पनि यसले नीति शिक्षा बन्न नहुने धारणा चिन्तकहरूको रहेको छ । "नीति शिक्षा मानवीय आध्यात्मिक आचरणसित सम्बन्धित रहन्छ भने उद्देश्यले मानवीय मूल्य तथा अस्तित्वका शाश्वत पक्षहरूलाई कलात्मक ढङ्गमा प्रस्तुत गर्दछ" (शर्मा, २०५९, पृ. ८४) । यसरी कथाको विषयवस्तु र उद्देश्यका बीच केही समानता रहे जस्तो देखिए पनि उद्देश्य विषयवस्तु बन्न सक्छ तर कथावस्तु उद्देश्य बन्दैन ।

उपन्यासमा सामाजिक समस्या र वैयक्तिक जीवनका विविध पक्षको विस्तृत अध्ययन हुनाले त्यसमा चित्रित जीवन र समस्याको यथातथ्य वर्णनसहित तिनीहरूका माध्यमबाट जीवनजगतप्रतिको विशिष्ट दृष्टिकोण व्यक्त गरिएको हुन्छ । "उपन्यासका उद्देश्यवीच भिन्नता रहन सक्ने ठाउँ भनेको आख्यान सामग्रीको चयन र प्रस्तुतिका लागि अँगालिने जीवनदर्शन नै हो । उपन्यासकारका भिन्न भिन्न जीवनदर्शनले उपन्यासको उद्देश्यलाई सोहीअनुरूप भिन्नभिन्न बनाउन सक्ने अवस्था रहन्छ" (आचार्य, २०६३, पृ.२८) । यसरी आख्यानका माध्यमबाट पाठकलाई विरेचन गर्ने उद्देश्य रहेको हुन्छ ।

उपन्यासमा पात्रविशेषलाई काखी च्यापी त्यसको मुखबाट भाषण गराउँदा यो अनाकर्षक र अरुचिकर हुन्छ । "उपन्यास सिद्धान्त प्रचारको मञ्च नै त होइन, कलात्मक रूपले रोचकतासाथ जीवनको चित्रण गर्ने कृति हो" ( उपाध्याय, २०६७, पृ.१४६) । यसरी जीवनको अध्ययन गरी आफूले अनुभव गरेको त्यसै धारणालाई कलात्मक रूपमा अभिव्यक्त गर्नु कृतिको उद्देश्य हुन्छ । उपन्यासकारले आफ्ना दृष्टिकोण पात्रका माध्यमबाट प्रस्तुत गरेको हुन्छ । पात्रका क्रियाकलाप, अभिव्यक्ति र धारणाबाट उपन्यासको उद्देश्य प्रकट गरिएको हुन्छ । "पात्र उपन्यासको सारतत्त्व तथा विचारलाई संवहन गर्ने माध्यम हो" (बराल, २०५६, पृ.३३) । यसरी लेखकले भन्न चाहेको विषय र पाठकले बुझ्ेको विषय साहित्यिक मूल्य कायम गर्दै बिस्तारै आउने वस्तु सारतत्त्व हो ।

उपन्यासले दिन खोजेको सन्देश कमजोरमाथिको थिचोमिचो, वगीय द्वन्द्व र त्यसबाट हुने प्रगति देखाउनु हो । "लेखकले दिन चाहेका सारतत्त्वलाई ग्रहणकर्ताले आफ्नो शक्ति र सीमाका आधारमा उपन्यासको महत्त्वपूर्ण पक्ष ग्रहण गर्छन्" (दाहाल, २०७६, पृ. १६) । यसरी कृति पढिसकेपछि समग्रमा जुन अभिप्राय प्राप्त हुन्छ त्यही नै सारवस्तु हो । कृतिमा अन्तर्निहित रहेका व्यक्तिसम्बद्ध जीवन चेतनालाई सारवस्तु भनिन्छ । "कथामा सारवस्तु मानवशरीरको रक्तसञ्चार प्रणालीमा सर्वव्याप्त हुन्छ । यसको स्थितिचाहिँ शाश्वत (Universal) हुन सक्तछ र प्रसङ्गविषयक (Topical) पनि, तर जे भए पनि यसले मानव समाजका निम्ति नै विभिन्न भाव वा विचार सञ्चार गर्दछ" (श्रेष्ठ, २०६८, पृ.१२) । यसरी उपन्यासको सारतत्त्वका रूपमा उद्देश्य रहेको हुन्छ । यसरी सारवस्तु उपन्यासमा के कस्ता कुराहरूलाई समावेश गर्ने, कस्ता पात्रहरूको चयन गर्ने र कस्तो भाषाशैली प्रयोग गर्ने भन्ने कुरा निर्धारण गर्नु मात्र होइन, यसबाट उपन्यासकारले दिन चाहेको मूलभूत विचारको सम्प्रेषण हुन्छ । सारवस्तु उपन्यासमा स्थापना गरिने निर्देश हो । उपन्यासकारले घटित गराएका घटनामा एउटा सन्देश प्रवाह गरको हुन्छ । उपन्यासकारले स्थापना गराएको जीवन चेतना के हो र यसबाट सारवुस्त कसरी सञ्चार भएको छ भन्ने कुरालाई स्थापना गरिएको हुन्छ । त्यसैले अभिव्यक्त हुने सत्यलाई नै सारवस्तु मानिन्छ । उपन्यासकारले रचनागर्भ निमार्ण गर्नेदेखि लिएर उसले स्थापना गरेको समग्र विषय सारका रूपमा आएको हुन्छ । अभिधात्मक, प्रतीकात्मक र लाक्षणिक कथनका दृष्टिले सारवस्तु ठम्याइएको हुन्छ ।

## छलफल तथा परिणाम

प्रस्तुत लेखमा *एक चिहान* उपन्यासमा अभिव्यक्त सारवस्तुका विषयमा अध्ययन गरी अर्थापन गरिएको छ । यसक्रममा *एक चिहान*का पात्रहरूका स्वभाव, सामाजिक परिवेशको चित्रण, श्रमप्रतिको सम्मान र विवाहसम्बन्धी दृष्टिकोणका आधारमा अभिव्यक्त विचार जस्ता उपशीर्षकमा विभाजन गरी सारवस्तु निरूपण गरिएको छ :

## *एक चिहान* उपन्यासमा व्यक्त सारवस्तु

*एक चिहान* उपन्यासमा धनी र सामन्तवर्गले गरिब किसानको श्रम र पसिना चुसेको, ऐसआराममा भुलेको र गरिबहरू भोकभोकै मर्नु परेकाले शोषणको अन्त्यको आह्वान गरिएको छ । उपन्यासले सुब्बा सुरमान र डाक्टर गोदत्तप्रसाद जस्ता नीच तथा धूर्त शोषकले उदार र सहयोगी बनेजस्तो गरेर कसरी निर्धा र श्रमजीवीको शोषण गर्छन् भन्ने कुरा देखाउँदै परम्परागत कुसंस्कारका विरुद्ध सामाजिक जागरण फैलाउँदै श्रमप्रति सम्मान गरेको छ । *एक चिहान* उपन्यासले परिश्रमी किसानहरूको जीवन, उच्च वर्गका मानिसले राख्ने कुदृष्टि, शोषणका साथै सामाजिक अन्धता, प्रेमविवाह तथा लैङ्गिक विभेदजस्ता पक्षलाई विषयका रूपमा प्रस्तुत गरेको छ । रातदिन नभनेर जमिनदारको जमिन कमाएर जीविका चलाउने किसानहरूको जीवन कष्टकर बन्दै गएको छ । तिनै किसानमाथि दुष्ट चरित्रका व्यक्तिले कुदृष्टि राख्ने, धनको धाकमा गरिब परिवारको स्वाभिमान र इज्जतमाथि आक्रमण गर्ने, नारीको मूल्य र महत्त्व नबुझ्ने, आफू सुखसयलको जीवन बिताएर परिश्रमी किसानका श्रमको महत्त्वबोध नगर्ने गलत प्रवृत्ति देखिन्छन् । यस्ता गलत प्रवृत्ति नेपाली समाजमा अहिले पनि छन् भन्दै उपन्यासले सात दशकअघिका सन्दर्भमा ती समस्यामाथि प्रकाश पारेको छ । उपन्यासले अन्ध प्रचलनको विरोध गर्ने र समाजलाई क्रमशः सचेत बनाउँदै प्रगतिशील सुधारबाटै अगाडि बढ्ने उपयुक्त हुने प्रेरणा प्रदान गरेको छ । उपन्यासमा उच्च वर्गको शोषण, अन्याय र अत्याचारको विरोध गरिएको छ । शोषक र अत्याचारी वर्गका प्रतिनिधि चरित्रका रूपमा गोदत्तप्रसाद र सुरमान सुब्बा रहेका छन् । शोषित र अत्याचार बेहोर्ने वर्गका प्रतिनिधिका रूपमा अष्टनारानको परिवार रहेका छन् । निम्नवर्गीय चरित्रका रूपमा हर्षनारानको ससुरा माहिला तामाङ तथा पुतली छन् । उनीहरू ज्यामी काम गर्ने श्रमिक मजदुर र अन्तर्जातीय विवाह गर्ने प्रगतिशील विचार भएका पात्र हुन् । पुननारानको ससुरा पनि सिकर्मी काम गर्ने श्रमजीवी वर्गकै चरित्रका रूपमा आएको छ । पुननारानलाई काम गर्न भनी पेस्की रकम उपलब्ध गराउने साहु चरित्रमा पनि उच्च वर्गीयता प्रकट भए पनि व्यवहार भने गरिबको व्यथा बुझ्ने खालको रहेको कुरा उसले परिवारको दुःख र सङ्कट महसुस गरेको देखाएबाट प्रकट भएको छ" (प्रधान, २०६७, पृ.६-७) । उपन्यासमा सुरमान शोषण गर्ने जमिनदार वर्गको र गोदत्तप्रसाद आर्थिक रूपले सम्पन्न तथा गरिब वर्गप्रति हेपाहा दृष्टि राख्ने व्यक्तिको प्रतिनिधिका रूपमा आएका छन् । गोदत्त पैसाका बलले र सुब्बा आफ्नो सरकारी पहुँच र जमिन्दारीका बलले श्रमजीवी अष्टनारानको परिवारमा आर्थिक सहयोगका नाममा कुटिल ढङ्गमा शोषणको जाल फैलाइरहेका छन् । उपन्यासमा आएका पात्रहरूले समुन्नत प्रगतिवादी समाज निर्माणको आकाङ्क्षा राखेका छन् । सकीनसकी साहुसँग चर्को ब्याजदरको ऋण काढेर जन्मदेखि मृत्युपर्यन्तका संस्कार पूरा गर्ने कार्यमा अहिले पनि नेपालीहरू संलग्न छन् । उपन्यासमा उच्च वर्गको हेपाहा, कामुक एवम् शोषणमूलक क्रियाकलापका विरुद्ध निम्न वर्गका श्रमजीवीले प्रतिवाद गर्नुपर्ने र त्यसका निम्ति वैचारिक प्रतिवाद मात्र होइन घोक्रेठ्याक लगाएरै पनि तह लगाउनुपर्छ भन्ने प्रगतिवादी मान्यता प्रस्तुत गरिएको छ ।

## पात्रहरूका स्वभावका आधारमा व्यक्त सारवस्तु

कृषि पेसा गरी जीविकोपार्जन गर्ने अष्टनारानको परिवारमा उनकी पत्नी लतमाया, तीन छोरा शिवनारान, पुननारान, हर्षनारान र छोरी नानीथकुँ छन् । अष्टनारान बिरामी भएको अवस्थाबाट उपन्यासको कथानक सुरु भएको छ । यसमा मुख्य रूपमा अष्टनारानको मृत्यु, नानीथकुँ र डाक्टर गोदत्तप्रसादका बिचमा भएको सम्बन्ध, सुरमान सुब्बाले नानीथकुँसँग बिहे गर्नका लागि गरेको षड्यन्त्र, हर्षनारान र पुतली तामाङका

बिचमा भएको विवाह, नानीथकुँ र रामखेलावन बिचको विवाहलगायतका घटना आएका छन् । यस लेखमा यिनै पात्रहरूका स्वभावका आधारमा उपन्यासमा व्यक्त सारवस्तुको चर्चा गरिएको छ :

*एक चिहान* उपन्यासमा अष्टनारानलाई बिरामी बाबुका रूपमा देखाइएको छ । उपन्यासका एकतिस परिच्छेदमध्ये सातौँ परिच्छेदमा अष्टनारानको मृत्यु भएको छ । सिङ्गो परिवार उनकै विचारद्वारा निर्देशित हुनाले उनी प्रमुख पात्र हुन् । उनले आफ्नो काजकिरियामा अनावश्यक खर्च नगर्न र आफैँले लुकाएर राखेको पच्चिस रुपियाँले पुऱ्याउन आग्रह गरेका छन् । यसबाट उनी मितव्ययी हुनुका साथै सामाजिक कुसंस्कार तथा आडम्बरको विरोधी भएको देखिन्छ । प्रगतिशील दृष्टिकोण भएको चरित्र अष्टनारानको धारणा यस्तो छ - "आफ्नो जाति र समाजमा मर्दापर्दा दानदक्षिणा दिने र भोजभतेर ख्वाउने इत्यादि करै लाग्ने चालचलनमाथि अष्टनारान घृणा र आलोचना मात्र गर्नु होइन, आक्रमण नै गरी उघाड नै ख्वाइआइ रहेका थिए । मर्दा नजिकका नाता सम्बन्धीहरू रोएर विचा : आउने प्रथालाई उनले बन्द गरिदिएका थिए" (पृ.२३-२४) । अन्धता विरोधी चरित्र अष्टनारानमा समाज सापेक्ष धार्मिक आस्थाको अंश पनि छ भन्ने कुरा "जिन्दगीभर पूजाप्रार्थना गराएर भगवानले मेरो केही सुनि दिएन" (पृ.१) जस्ता अभिव्यक्तिले प्रस्ट पारेको छ । उनका यस्ता कुरामा तत्कालीन समाजका परिपक्व ज्येष्ठनागरिकका अनुभवहरू प्रकट भएका छन् । अष्टनारानले आफू बिरामी भई थला परेका बेलामा उपचारमा बढी खर्च भए परिवारलाई थप ऋणभारको समस्या पर्छ भनेर उपचारमा खर्च नगर भन्दै "साक्षात् धन्वन्तरी भगवान् नै आएर औषधि गरे पनि निको नहुने" (पृ.१) विचार व्यक्त गरेका छन् । यसरी उनले आफ्नो काजकिरियामा अनावश्यक खर्च नगर्न र आफैँले लुकाएर राखेको पच्चिस रुपियाँले पुऱ्याउन आग्रह गरेबाट उनी मितव्ययी हुनुका साथै सामाजिक कुसंस्कार तथा आडम्बरको विरोधी भएको देखिन्छ ।

शिवनारान अष्टनारानको जेठोछोरा र उपन्यासको सुरुदेखि अन्त्यसम्म क्रियाशील पात्र हुनाका नाताले पारिवारिक दायित्व निर्वाह गरेको देखिन्छ । ऊ किसानवर्गका काम, कर्तव्य र महत्त्व बुझेको, अन्याय सहन नसक्ने र सभ्यता बुझेको व्यक्ति हो । समावेशी भावना भएकाले उसले स्वतन्त्रताका नाममा जसले जोसँग जस्तो पनि प्रेम गरेर हिँड्न नपाउने विचार राख्ने र अभिभावकले परिवारका सदस्यहरू को र कस्तोसँग प्रेम सम्बन्ध राखेका छन् भन्ने कुराको ख्याल गर्नुपर्ने विचार राखेको छ । शिवनारान "हामी अलि प्रगतिशील भएकाले समाज हामीदेखि टाढा रहन खोज्छ, समाजमा अलि अगाडि बढ्न खोजे पनि नहुने, अरू साधारण मानिस जस्तै रूढि र परम्परा भक्त भई रहन भने हाम्रो मन मान्दैन" (पृ.७७) भन्ने विचार राख्छ । उसले अन्धतालाई जोगाउने नाममा गरिबले ऋण काढेर पनि भोजभतेर गर्नुपर्ने प्रचलनलाई अस्वीकार गर्ने, नारीलाई सम्मान र समानताको व्यवहार गर्ने, अन्तरजातीय एवम् अन्तरक्षेत्रीय विवाहलाई प्रोत्साहित गर्दै उपत्यका, पर्वते र तराई समाजका बिच सद्भावना अभिवृद्धि गरी राष्ट्रिय एकतालाई बलियो बनाउने, विवाहमा तडकभडक देखाउने प्रचलन हटाई गरिब र श्रमिक किसानलाई सजिलो हुने गरी दाइजोका सामानमा पनि मितव्ययिता कायम गर्ने जस्ता विचार राखेको छ । शिवनारानले सुरमानको कारिन्दा रामबहादुरले किसानलाई हेप्न खोजेका बेला किसानको जीवनलाई सम्मान गर्न आग्रह गरेको छ । "किसान अरू थोक केही नभए पनि तपाइँको अन्नदाता हो, आफ्नो पसिना बगाएर समाज र देशलाई पाल्ने र रगत दिएर संसारलाई जिन्दगी दिई रहने एउटा त्यागी र तपस्वी जाति हो । पसिनाको परिश्रम र बलिदानको नातामा संसारमा सबभन्दा ठुलो किसान हो, जसलाई तपाइँ ईश्वर भन्न चाहनुहुन्छ कि परमेश्वर अथवा जे भन्नोस्" (पृ.८२) । "नेवार, पर्वते र मधेसी तिन

जाति र संस्कृति मिसिएर एक हुँदै गएपछि नेपाल अझ सुन्दर र विशाल हुँदै जान्छ । “स्वतन्त्रताको नाउँमा जसले जोसँग जस्तो पनि प्रेम गरेर हिँडेको हेर्न चाहन्नँ” (पृ.७२) । उसले बहिनीलाई बुढो सुरमानसमक्ष सुम्पने कुरालाई अपमानजनक ठान्छ । उसले त्यस्तो गलत तरिकाबाट परिवारलाई केही सुख हुने भन्ने आमाको विचारलाई अस्वीकार गरेको छ ।

डाक्टर गोदत्तप्रसाद उपन्यासको प्रमुख तर खराब पात्र हो । मानवताको भावना नभएको गोदत्तले राम्री केटी देखेपछि र सजिलै फसाउन सकिन्छ भन्ने बुझेपछि सहयोगी जस्तो बनेर नानी थकुँलाई वासनात्मक प्रेमको जालमा पारेको छ । यसबाट ऊ चलाख, धूर्त र कपटी छ भन्न सकिन्छ । ऊ टोलको सबैभन्दा ठुलो भलाद्मी, पढेलेखेको र इज्जतदार व्यक्ति भए पनि समाजलाई भ्रष्ट पार्न खोज्ने खलनायकका रूपमा देखिन्छ । घरमा पढेलेखेकी श्रीमती भएको, तीन छोराछोरीको बाबुसमेत बनेको र कपालमा जौतिल पाकिसकेको गोदत्त नारी जातिलाई मनोरञ्जनको साधन सम्झन्छ । उसले पैसाका अभावमा अष्टनारानको मृत्युपछिको संस्कार कसरी गर्ने भनी छटपटाएका अष्टनारान परिवारलाई सहयोगका नाममा आवतजावत बढाउँदै लगेर नानीथकुँसित आत्मीय प्रेम गरेको नाटक रचेको छ । ऊ आर्थिक रूपले सम्पन्न भएका आडमा निम्न वर्गका परिवारमा सहयोगका नाममा प्रवेश गर्ने तथा त्यस वर्गमाथि अनुचित र अमानवीय व्यवहार प्रदर्शन गर्ने दुष्ट चरित्रका रूपमा आएको छ । उसले नानीथकुँको रूप यौवनमा आँखा गाडेर “जाऔँ हिँड नानीथकुँ ! दोमनमा फसेर मौका नगुमाऊ । बाहिर मोटर छोडी आएको छु, जाऔँ ! शुभ साइतले तिमीलाई हाँसेर पर्खि रहेको छ” (पृ.८४) भन्दै प्रलोभनमा पार्न खोजेको छ । यसरी गोदत्त अनैतिक, अनुचित र हेपाहा प्रवृत्ति देखाउन नहिच्किचाउने उच्च वर्गीय अत्याचारीका रूपमा आएको छ ।

नानीथकुँ *एक चिहान* उपन्यासकी प्रमुख पात्र हो । अत्यन्त रूपवती भए पनि ऊ अविवेकी र कच्चा विचार भएकी केटी हो । ऊ आफूभन्दा झण्डै चालिस वर्ष जेठो डाक्टर गोदत्तलाई प्रेम गर्छे । ऊ सोझी छे त्यसैले डाक्टर गोदत्तको षड्यन्त्रलाई प्रेमको उपहार ठान्छे । गोदत्तको प्रेममा लहसिनु र सुब्बा सुरमानजस्तो बुढो व्यक्तिसँग विवाहको कुरा चल्दा पनि नमिठो नलाग्नुले ऊ आफू अनुकूलको प्रेमी चयन गर्न नसक्ने पात्रका रूपमा देखिन्छे । उपन्यासको सुरुमा अव्यवहारिक पात्रका रूपमा देखिए पनि मध्य भागमा रञ्जना देवीले सम्झाएपछि उसको विवेकले काम गरेको छ । त्यसैले उसले गोदत्तको भाग्ने प्रस्तावलाई अस्वीकार गरी नारीको पहिचान रक्षा गरेकी छ ।

सुब्बा सुरमान उपन्यासको सहायक तर प्रतिनिधिमूलक पात्रका रूपमा आएको छ । ऊ समाजका सामन्त चरित्रको प्रतीक, नारीको यौवनलाई खेलौना ठान्ने र आफ्नो कामेच्छा पूरा गर्न चाहने वर्गको प्रतिनिधि पात्र हो । आफू पचास वर्षभन्दा माथि गईसकेपछि पनि धनसम्पत्तिको धाक र रवाफ देखाउँदै नानी थकुँसँग विवाह गर्न चाहन्छ । अरूसँग चर्को ब्याज लिए पनि नानी थकुँलाई सित्तैमा कपडा बुन्ने तान दिएर मन जित्न खोज्छ । हाम्रो समाजमा सुब्बा सुरमानजस्ता खराब सोंचाइ र विचार भएका गाउँका शोषक र सामन्तले सोझा इमान्दार गरिबलाई कसरी शोषण गर्छन् भन्ने कुरा उपन्यासकारले सुब्बा सुरमानमार्फत देखाएका छन् । ऊ जग्गा कमाउन दिएर अन्नपात लिने तल्सिङ, अरूका छोरीचेलीप्रति गिद्धे नजर लगाउने कामुक, फटाहा, सामन्त, धूर्त र धनको तजुक देखाउने असत एवम् खलपात्र हो । अष्टनारानको परिवारले त्यसैको जमिन कमाएर जीविका चलाएको छ । उसले ऋणको २५ प्रतिशत ब्याज उठाउने र शिवनारानको परिवारसहित अन्य मोहीबाट पनि जबर्जस्ती आयस्ता उठाएर आफ्नो उच्च वर्गीय दुष्ट्याँइ देखाएको छ ।

म सुब्बा साहेबलाई आजै भन्नेछु र भोलि नै किन्न लगाई यहाँ पुऱ्याउन लगाइ दिनेछु । बडो गजबको सजिलो तान छ, मेसिन जस्तै छिटो चल्छ र कपडा धेरै बुन्छ, चलाउन पनि बडो सजिलो, बल पनि कत्ति खर्च नहुने । क्या विज्ञानको चमत्कार ! क्या मान्छेको मगज ! (पृ.२६)

तिमीलाई थाहै होला नि, अष्टनारानले नानीथकुँ हाम्रा सुब्बा साहेबलाई कन्यादान दिने वचन दिइ सकेको छ । सुब्बा साहेबलाई नानीथकुँ ज्यादै मन परेको पनि रहेछ । उसको हातबाट सुब्बा साहेबले भात पनि खान कबुल गर्नु भएको छ । यी सबै कुरा अष्टनारानलाई पनि मन परेर उसले दिन मन्जुर गरेको थियो । (पृ.४०)

यसरी सुब्बा सुरमानले गरिबीको फाइदा उठाउँदै अर्काको जीवनलाई बरबाद पार्न खोज्ने समाजको खराब पात्रको प्रतिनिधित्व गरेको छ । ऊ आफ्नो कारिन्दा रामबहादुरमार्फत अष्टनारानले छोरी दिने वचन दिएको जाली कुरा बनाई आर्थिक प्रलोभनमा पारी नानीथकुँलाई आफ्नी बनाउने दुस्प्रयास गर्ने र जवानी लुट्न उद्धत भ्रष्ट चरित्र हो ।

डाक्टर गोदत्तकी श्रीमती रञ्जना देवीको उपन्यासमा उपस्थिति कम छ । ऊ उपन्यासलाई नयाँ मोड दिन सफल तीन सन्तानकी आमा, चतुर महिला, गाउँकी शिक्षित र धनी वर्गकी स्वास्नीका रूपमा आएकी छ । उसले गोदत्तको कुकर्मलाई सच्याई नानी थकुँलाई पनि आफ्नो लोग्नेको जालबाट मुक्त हुन मदत गरेकी छ । नानी थकुँ र गोदत्तको कुराकानी सुनिसकेपछि श्रीमान्‌लाई सम्झाए जस्तो गरेर नारीले के चाहन्छन् भन्ने कुरा व्यक्त गरेकी छ । साँझबिहान खान र लगाउन दिँदैमा मात्र नारीका हक, अधिकार र इच्छा पूरा हुँदैनन् । उनीहरूलाई आत्मिक प्रेम चाहिन्छ भन्दै नारी हकअधिकार र इच्छाका बारेमा उसले पतिसामु कुरा राख्छे । “होइन, तपाईंको कस्तो बानी यो, के खुड्किलै पिच्छे तपाईंलाई स्वास्नी चाहिन्छ कि ?” (पृ.५९) । “तपाईंको साधु भेषमा कृष्णलीला ! उसको वर्षा कालीन यौवन यमुनादेखि मस्त भएर आफू एउटा बिरामी हेर्न बसिरहेको डाक्टर हुँ भन्ने नै बिर्सनु भयो ?” (पृ.६१) । गोदत्तले नानीथकुँसँग प्रेम सम्बन्ध बढाउँदै गएको चाल पाएपछि सचेत बनाउनुका साथै उसलाई आफ्नै घरमा बोलाई नारी मूल्य र अस्मिताका बारेमा सम्झाइबुझाइ गरी आफ्नो भविष्यप्रति सचेत गराउने चतुर, परिपक्व र सत् पात्रको भूमिका निर्वाह गरेकी छ । उसले आफ्नो परिपक्व व्यवहार र क्रियाकलापले सौता बेहोर्नुपर्ने अवस्थालाई टारेकी छ भने आफू र नानीथकुँको भविष्य बरबाद हुनबाट तथा पतिलाई पतीत हुनबाट जोगाएकी छ । उसले नानीथकुँलाई स्वास्नी मान्छेको इज्जत स्वास्नी मान्छेले नै राख्न जान्नुपर्छ भन्दै “नारी भएर तिमीले नारीको मूल्य पहिचान्न सक, नारीको महत्त्व बढाउन कोसिस गर । समाजको मर्यादा र गौरव नारीको मूल्यमा निर्भर छ” (पृ.६४-६५) भन्ने नारी स्वाभिमान र नारी अस्तित्वको रक्षा गर्नुपर्ने विचार व्यक्त गरेकी छ । यसरी ऊ नारी अधिकार र अस्तित्वप्रति सचेत चरित्रका रूपमा देखिएकी छ ।

आमा लतमाया अष्टनारानकी पत्नी तथा शिव, हर्ष, पुननारान तथा नानीथकुँकी आमा हुन् । रामबहादुरको ललाइफकाइमा परेर आमा लतमाया नानीथकुँलाई बुढो सुरमान सुब्बाकहाँ सुम्पिन तयार भएकी छ । लतमाया त्यसबाट आफ्नो परिवारको आर्थिक समस्या पनि केही हल हुने लोभमा फसेकी छ । अन्तमा आमा लतमायाले पनि छोरा छोरीलाई बिहा गर्ने उम्मेदवार आफैँ रोज्न अनुमति दिएकी छ र सकेसम्म पति अष्टनारान र जेठो छोरा शिवनारानको सिद्धान्तअनुसार भिन्न जातको भए राम्रो हुने मान्यता प्रस्तुत गरेकी छ । यसरी उपन्यासले नारीमाथि असमान व्यवहार गर्ने, तिनलाई केवल भोग र वासनाका साधन ठान्न खोज्ने

पुरुषका गलत प्रवृत्ति विरुद्ध नारीहरू स्वयम् सचेत र सजग हुनुपर्ने मान्यता प्रस्तुत गरेको छ । शिवनारानकी पत्नी हाकुमाया झन् सशक्त चरित्रका रूपमा देखिएकी छ । उसले सुरमान सुब्बाको कारिन्दा रामबहादुरलाई नानीथकुँसित बिहे गराउने लालचमा ल्याइदिएको देशी तान फिर्ता लैजान खोज्दा "जा पच भयो तेरो तान !" (पृ.८४) भन्दै धपाएकी छ । लतमाया र नानीथकुँ पहिले नारी अधिकारप्रति त्यति सचेत नरहे पनि पछि सचेत भएका छन् । "आफ्नो थैलीको गाँठो बलियो पार्नू, साथीलाई दोष नलाउनू' भने ऊँ नानीथकुँलाई भोलिदेखि खेतैमा लगिराखे त कुरै मेटिन्छ- न रहे बाँस, न बजे बाँसुरी ! हाकुमायाले अलि गम्भीर भावमा भनिन्" (पृ.३६) । राम खेलावन राउत नानीथकुँको पति हो । अन्तमा नानीथकुँको तराईको राम खेलावन राउत कुर्मीसँग विवाह भएको छ । हर्षनारान र नानीथकुँको उक्त विवाहले नेपाली समाजमा अन्तरजातीय तथा अन्तरक्षेत्रीय सद्भाव अभिवृद्धि गर्न र राष्ट्रिय एकता तथा विकासको वातावरण निर्माण गर्नमा टेवा मिलेको छ ।

## सामाजिक परिवेशको चित्रण

प्रस्तुत उपन्यासले २०११ सालको बाढीपहिरोको चपेटामा परी अष्टनारानको परिवार *एक चिहान* भएको विषयलाई पुष्टि गरेको छ । अष्टनारानले खाइनखाइ २५ रुपियाँ जम्मा भएको र त्यसले काजकिरिया गर्नू भन्ने अभिव्यक्ति दिएको, शिवनारानले १० रुपियाँमा भाइको बिहे र माहिला तामाङ्ले १५ रुपियाँ सापटी लिएर छोरी पुतलीको बिहे सम्पन्न गरेको कुराबाट पनि यसको परिवेश पुरानो देखिन्छ । घटनाक्रमलाई हेर्दा ४/५ महिना यसले समेटेको देखिन्छ । यसको  स्थानगत परिवेश सहर र गाउँको मिश्रणमा आधारित छ । धेरैजसो पात्रहरू काठमाडौँमा बसोवास गर्ने नेवारी समुदायका छन् । मूल कथा अष्टनारानको परिवार र उसको जेठो छोरा शिवनारानमा केन्द्रित छ । उनीहरूको घर सहरभित्र र खेतीपाती भने ग्रामीण क्षेत्रमा रहेको देखिन्छ । तत्कालीन समयको जातीय साम्प्रदायिकता, सम्पन्न र शिक्षित भनाउँदाको शोषणमा विपन्न र शिक्षित वर्गले दयनीय जीवन बिताएको सामाजिक परिवेशको चित्रण गरिएको छ । एकातिर समाज पछौटेपनले गुज्रिएको छ र अर्कोतिर परिवर्तनतर्फ पाइला चालेको सङ्क्रमणकालीन नेपाली समाजको परिवेशको चित्रण गरिएको छ । कमजोर र निमुखा व्यक्ति जहिलेसुकै दमित रहेका छन् । उपन्यासमा प्रयोग भएको समाज अर्धसामन्ती वर्गीय समाज रहेको देखिन्छ । यहाँ अत्यन्तै न्यून आर्थिक अवस्था भएका व्यक्ति पनि रहेका छन् र धनसम्पत्ति कमाएका उच्च धनाढ्य व्यक्ति पनि रहेका छन् । उपन्यासको सामाजिकता भनेको अर्धसामन्ती समाजको चित्रण हो । खेती किसानमा आधारित भएर जीविकोपार्जन गर्ने किसानका समाजको चित्रण गरिएकाले उनीहरूको सेरोफेरो उपन्यासको सामाजिकताका रूपमा आएको छ । यस उपन्यासको सामाजिकतामा धनी व्यक्ति र गरिबका बिचमा सङ्घर्ष सुरु हुँदै गएको प्रस्तुति पाइन्छ । राणाकालीन समयको अवशेषका रूपमा रहेको सामाजिक चित्रण यसको सामाजिकता हो ।

## श्रमप्रतिको सम्मान

*एक चिहान* उपन्यासमा मानवीय श्रमको महत्त्व र गरिमाको प्रशंसा गर्दै श्रमसम्बन्धी कार्यमा संलग्न व्यक्तिको सम्मान गर्नुपर्ने र सबैले निरन्तर कर्ममा संलग्न रहनुपर्ने मान्यता प्रस्तुत भएको छ । उपन्यासको सुरुमै विरामी भई बिछ्यौनामा पल्टिरहेको अष्टनारानले आफूलाई कुरेर समय नष्ट नगर्न र आआफ्ना काममा लाग्न सबै सदस्यलाई अभिप्रेरित गरेको छ । उसले किसानका छोराले मरेको बाबुलाई समेत फ्याँकेर असारको पूजा गर्नुपर्छ (पृ १३) भन्ने श्रममा आधारित मान्यता प्रस्तुत गरेको छ । गरिबीबाट मुक्तिको आधार श्रम हो भन्ने मान्यता प्रस्तुत भएको छ । अष्टनारानको मृत्युको तेस्रो दिनमा नै शिवनारानको परिवार आआफ्ना काममा

केन्द्रित हुन्छन् । शिवनारानले आफ्नै बाबुको हमेसा आफ्नो काम कर्तव्यमा रुजु हाजिर भएर पूर्णत्त्व प्राप्त गर्ने (पृ.२४) भन्ने सिद्धान्तअनुसार परिवारका सबै सदस्यलाई आआफ्ना काममा केन्द्रित हुन सल्लाह दिएको छ । उसले किसानहरूको जीवन र कर्तव्यबारे भन्छ -"किसानका सन्तानले आराम गर्नु पाप हो, शरीरमा एक थोपा मात्र रगत बाँकी भए पनि पसिनाको रूपमा निकालेर खेतलाई चढाउनुपर्छ किनभने किसानको परिश्रम र पसिना नै जगत्को जीवन हो र जिन्दगीको ज्योति हो" (पृ.१०२) । "तर अफसोसको कुरा छ, यस्तरी काममा जोतिँदा पनि उनीहरूको जीवनमा तृप्ति थिएन" (पृ.२५) । "शिवनारान, हाकुमाया र दुई छोराछोरी समेत चारै प्राणी ओसारामा उभिई बाढी बगिरहेको भयङ्कर दृश्य हेरी हेरीकन कोलाहल मच्चाउन थाले । आकाशबाट पानी परि नै रहेको थियो" (पृ.१०५) ।

> भोलिपल्ट उनीहरूको घरको भग्नावशेषबाट पुननारान, हर्षनारान, पुतली र लतमायाका लासहरू पनि निकालिए । उनीहरूको यस्तो हृदय विदारक मृत्यु देखेर सारा मानिसहरू शोक प्रकट गर्दै थिए । सबैको घर बनाउने सिकर्मी र बिचरा ज्यामीहरू घर मर्मत गर्न नपाई आज आफ्नै घरले थिचिएर एक चिहान भए । (पृ.१०७)

उपन्यासको अन्तमा लगातार तीनदिन बाढी आएर खेतमा शिवनारानसहितको परिवार तथा घरमा परिवारका अरू सबै सदस्यको एक चिहान भएको छ । यस लेखमा उपन्यासले श्रमको महिमा र महत्त्वलाई श्रमजीवी किसान र मजदुर समुदायले बुझ्नुपर्ने सन्देश दिएको छ । यसरी यथास्थिति प्रगतिको अवरोधक भएकाले यथास्थितिमा प्रगति सम्भव हुदैन । कुरीति र कुसंस्कारका ठाउँमा नयाँ परम्परा बसाली अग्रगमनतर्फ लाग्दै समाजका रुढिवादी कुप्रथाको विरोध गरी श्रमप्रति सम्मानको सन्देश दिएको छ ।

**विवाहसम्बन्धी दृष्टिकोण**

*एक चिहान* उपन्यासमा प्रेम विवाह तथा लैङ्गिक विभेदका सम्बन्धमा पुरातन सोचाइ र अन्ध मान्यताभन्दा बेग्लै परिवर्तनकारी मान्यता प्रस्तुत गरिएको छ । प्रेमका बारेमा शिवनारानले युवायुवतीबिच मन मिलेमा कुनै समस्या नहुने मान्यता प्रस्तुत गर्दै "प्रेमको पनि महत्त्व हुन्छ, उसका निम्ति पनि फुक्का र बन्धनको लेखाजोखा, मपदण्ड हुन्छ, सीमारेखा हुन्छ, विधान हुन्छ, कुपात्र र सुपात्र हुन्छ । यी सब कुरालाई नाघेर मानिस हिँड्न सक्दैन, पाउँदैन" (पृ.७२) भन्ने धारणा व्यक्त गरिएको छ । भिन्न जात र भिन्न भौगोलिक क्षेत्रका युवायुवतीबिच वैवाहिक सम्बन्ध गाँसिएमा अझै राम्रो हुने विचार व्यक्त गर्दै त्यसमार्फत राष्ट्रिय एकता मजबुत र सुदृढ हुने विचार पनि व्यक्त गरेको छ । यसैले लतमायाले पनि बिहा गर्ने उम्मेदवार आफैँ रोज्न अनुमति दिएकी छ र सकेसम्म अष्टनारान र शिवनारानको सिद्धान्तअनुसार भिन्न जातको भए राम्रो हुने मान्यता प्रस्तुत गरेकी छ ।

## निष्कर्ष

*एक चिहान* उपन्यास तत्कालीन काठमाडौँको किसान परिवारमा केन्द्रित छ । यस लेखमा उपन्यासको मुख्य उद्देश्य विपन्न वर्गका मानिसले भोग्नु परेका पीडाको चित्रण गर्दै श्रमको महत्त्वबोध गराउनु भएकाले गरिब किसान तथा श्रमजीवीको जीवनमा आधारित यसको मूल सारवस्तु भनेकै गरिबी, शोषण तथा विसङ्गति हो भन्ने कुरा प्रस्तुत गरिएको छ । यस लेखमा उपन्यासकारले सामाजिक कुसंस्कार, धार्मिक अन्धविश्वास, आर्थिक शोषण र जातीय विभेद जस्ता कुराको विरोध गर्दै प्रगतिवादी विचार प्रस्तुत गरेको विषयलाई प्रस्तुत

गरिएको छ । उपन्यासमा बाबुआमाको काजकिया गर्दा विपन्न मानिसले पनि दानदक्षिणा दिनुपर्ने र ऋण काढेरै भए पनि भोजभतेर गर्नुपर्ने गलत प्रथाको विरोध गर्दै विवाहमा देखाइने भड्किलोपन तथा आडम्बरको विरोध गरिएको छ । वैवाहिक संस्कारलाई सरल र व्यवहारिक बनाउनुपर्ने विचार प्रस्तुत भएको यस उपन्यासमा विभिन्न जात, वर्ण र सम्प्रदाय भएको समाजलाई उन्नतिका मार्गमा हिँडाउन प्रेरित गरिएको छ । उपन्यासले राष्ट्रिय एकता कायम गर्न अन्तरजातीय विवाहलाई प्रोत्साहन गरेको छ । उपन्यासमा श्रमको मूल्य र महत्त्वमाथि प्रकाश पार्नुका साथै किसान जीवनको महानता झल्काइएको छ । उपन्यासको अन्तमा लगातार तीनदिन बाढी आएर खेतमा शिवनारानसहितको परिवार तथा घरमा परिवारका अरू सबै सदस्यको एक चिहान भएको सन्दर्भ प्रस्तुत गरिएको छ । उपन्यासले श्रमको महिमा र महत्तालाई श्रमजीवी किसान र मजदुरसहितका समुदायले बुझ्नुपर्ने सन्देश दिएको छ । अन्धता र धार्मिक रूढिलाई तोड्दै क्रमशः सामाजिक परिवर्तनको मार्ग अवलम्बन गर्नुपर्ने मान्यता राखेको छ । अनमेल विवाह तथा बहुविवाहजस्ता कुप्रथाको विरोध गरिएको छ । नारीमाथि विभेदपूर्ण व्यवहार गर्ने, वासनात्मक एवम् कामुक दृष्टि लगाउने सामन्ती एवम् पुरुषवादी कुदृष्टिको विरोध गरिएको छ । लैङ्गिक विभेदका विरुद्ध नारीभित्रै सचेतताको आवश्यकता औँल्याउनु र शोषणको विरोध गरी श्रमको सम्मानका लागि वर्गीय मुक्तिको अभियानलाई अगाडि बढाउनुपर्ने मान्यता प्रस्तुत गरिएको छ । यस लेखमा *एक चिहान* उपन्यासले सामाजिक परिवर्तनको स्वरलाई प्रस्तुत गर्दै प्रेम र विवाहका बारेमा नयाँ मान्यतासहित लैङ्गिक विभेदका विरुद्ध आवाज उठाउँदै राष्ट्रिय एकता र देशभक्तिपूर्ण मार्गको खोजी गरेको निष्कर्ष निकालिएको छ ।

## सन्दर्भसूची


आचार्य, कृष्णप्रसाद (२०६३). *आधुनिक नेपाली उपन्यास र कथा* . दीक्षान्त पुस्तक प्रकाशन ।

उपाध्याय, केशवप्रसाद (२०६७). *साहित्य प्रकाश* सातौँ संस्क.. साझा प्रकाशन ।

दाहाल, खेम (२०७६). *उपन्यासका केही पाता* दोस्रो संस्क.. ज्ञानज्योति बुक पब्लिकेसन ।

प्रधान, हृदयचन्द्रसिंह (२०६७). *एक चिहान.* साझा प्रकाशन ।

बराल, ऋषिराज (२०५६). *उपन्यासको सौन्दर्यशास्त्र.* साझा प्रकाशन ।

शर्मा, हरिप्रसाद (२०५९). *कथाको सिद्धान्त र विवेचन.* नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

श्रेष्ठ, दयाराम (२०६८). *नेपाली कथा भाग ४* पाचौँ संस्क.. साझा प्रकाशन ।